राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ११० २०८२ मंसिर ०४ गते बिहिवार (20 Nov. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## सिमरामा जेनजी-प्रहरीबीच झडप

# दिनभर तनाव, कर्फ्यु जारी, उडान रद्द

दैनिक समाचारदाता

बारा, ३ मंसिर । नेकपा एमाले नेता महेश बस्नेतको मधेस प्रदेश आगमनलाई लक्षित गर्दै बाराको सिमरा विमानस्थल क्षेत्रमा शुक्रबार दिनभर तनाव चुलिँदै गएपछि जिल्ला प्रशासन कार्यालयले कर्फ्यू आदेश जारी गरेको छ । जेनजी समूह र सुरक्षाकर्मीबीच भएको भीडन्तपछि स्थिति नियन्त्रणबाहिर जान नदिन कर्फ्यू लगाइएको हो ।

एमाले नेता बस्नेत मधेस प्रदेशस्तरीय युवा जनजागरण अभियानमा सहभागी हुन बारामा आइपुग्न लागेका समयमा जेनजी समूहले सिमरा विमानस्थल परिसर घेराउ गर्दै विरोध प्रदर्शन थालेका थिए । विरोध तीव्र बन्दै गएपछि प्रहरीले समूहलाई हटाउन बल प्रयोग गर्दा दुवै पक्षबीच धक्का(मुक्की, कराउँदै(ढुंगा हानाहान र झडप भएको स्थानीय स्रोतले बतायो ।

विरोध बढेपछि सिमरा विमानस्थल क्षेत्र जनपथ र सशस्त्र प्रहरीको बाक्लो घेराभित्र राखिएको छ। बस्नेतलाई लिन विमानस्थल पुगेका एमालेका किसान श्रेष्ठ, ज्वालाकुमारी साह, अच्युत मैनालीलगायत नेताहरूलाई पनि सुरक्षा घेरामा राखिएको छ । जेनजी समूह बस्नेतको 'मधेस प्रवेश' विरुद्ध लामै समयदेखि विरोध गर्दै आएको र उनी आजको कार्यक्रममा सहभागी हुने सूचना सार्वजनिक भएपछि समूहगत रूपमा विमानस्थल पुगेको बताइन्छ ।

स्थिती एकपछि अर्को गर्दै जटिल बन्दै गएका कारण प्रशासनले दिउँसो नै कर्फ्यू आदेश जारी गर्दै सिमरा क्षेत्रमा सर्वसाधारणलाई घरबाहिर ननिस्कन आग्रह गरेको छ। पटक(पटक संयम अपनाउन अपिल

बाँकी ४ पृष्ठमा



## सिमरा घटनाप्रति रास्वपा र एमाले दुबैको कडा प्रतिक्रिया

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जारी केन्द्रीय समिति बैठकबाट कडा प्रतिक्रिया दिएको छ। रास्वपाका अनुसार कुनै पनि देशमा लोकतान्त्रिक राजनीतिक वातावरण निर्माण गर्न सबै दललाई समान सुरक्षा र खुला कार्यक्रम गर्ने स्वतन्त्रता दिनु राज्यको दायित्व हुन्छ। सिमरामा एमालेका नेताहरूलाई विमानस्थलमै रोकिँदा, भीडले उडानमाथि नै प्रभाव पार्दा र सुरक्षाका बीच झडप हुँदा राज्य असफल भएको संकेत देखिएको रास्वपाले ठहर गरेको छ। उनीहरूले भनेका छन( "निर्वाचनको माहोल तयार पार्न राजनीतिक स्वतन्त्रता अत्यावश्यक छ। सरकार जिम्मेवार हुनुपर्छ।"

त्यसैगरी, एमाले अध्यक्ष केपी शर्मा ओली ले झनै कठोर

बाँकी ४ पृष्ठमा

# मधेश प्रदेशका सभामुख मण्डल पदमुक्त



दैनिक समाचारदाता

जनकपुरधाम, ३ मंसिर । मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डललाई पदीय आचरण विपरीत कार्य गरेको आरोपमा प्रदेशसभा बैठकले दुई तिहाइ बहुमतले पदमुक्त गरेको छ।

सात दलीय गठबन्धनले नेपालको संविधानको धारा १८२ को उपधारा ६ (ग) बमोजिम सभामुखमाथि अविश्वासको प्रस्ताव दर्ता गरेको थियो । त्यही प्रस्तावमाथि आज सम्पन्न छलफल र मतदानबाट मण्डल पदमुक्त भएका हुन् ।

प्रस्तावको पक्षमा सात दलका ७६ जना प्रदेशसभा सदस्यले हस्ताक्षरसहित मतदान गरेका थिए, जबकि सभामुख मण्डलसहित एमाले सांसदहरू बैठकमा अनुपस्थित रहे। अनुपस्थितीका कारण प्रस्तावको विपक्षमा एक मत समेत परेन। अविश्वासको प्रस्ताव दर्ता गर्ने दलहरूले, तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलको विश्वासको मत प्रक्रियामा सभामुख मण्डलले "पदीय मर्यादा उल्लङ्घन गर्दै पक्षपातपूर्ण निर्णय गरेको" आरोप लगाउँदै आएका थिए। यही कारण सात दलिय गठबन्धन सभामुखविरुद्ध कडा रूपमा उभिएको थियो।

बैठकको अध्यक्षता उपसभामुख बबिता राउतले गरेकी थिइन्। यो घटना नेपाली संसदीय इतिहासमै पहिलोपटक कुनै सभामुखलाई अविश्वास प्रस्तावमार्फत पदमुक्त गरिएको उदाहरण मानिएको छ। यसअघि संघीय संसदमा तत्कालीन सभामुख अग्नी सापकोटाविरुद्ध अविश्वास प्रस्ताव दर्ता भए पनि प्रक्रिया अघि बढाइएको थिएन।

# नेकपा-जसपा एकता वार्ता सकारात्मक

दैनिक समाचारदाता

काठमाडौं, ३ मंसिर । नेपाली कम्युनिष्ट पार्टी र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीबीच पार्टी एकता वार्ता सकारात्मक मोडमा पुगेको छ ।


दुवै दलका प्रतिनिधिहरूबीच बिहिबार नेकपाको केन्द्रीय कार्यालय पेरिसडाँडामा निर्णायक वार्ता हुने नेता प्रकाश ज्वालाले जानकारी दिए ।

बुधबार भएको वार्ता सकारात्मक रहेको छिटोभन्दा छिटो निष्कर्षमा पुग्ने सहमति भएको उनले जनाए ।

बुधबारको छलफलमा नेकपाकातर्फबाट देव गुरुङ, बेदुराम भूसाल, प्रमेश हमाल, प्रकाश ज्वाला, शक्ति बस्नेत र गिरिराजमणि पोखेल तथा जसपाको तर्फबाट वार्ता समितिका संयोजक राजेन्द्र श्रेष्ठ, रेनु यादव, रणध्वज कन्दङ्वा र पर्शुराम बस्नेतको सहभगिता थिए ।

जसपाभित्र मधेशी दल कि नेकपासँग पार्टी एकता गर्ने भन्ने दुई धार छ ।


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- ट्राफिक नियमको पालना गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य रूपमा प्रयोग गरौं,
- सवारी साधनको नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# न्यायमा पहुँचको सवाल

मधेश प्रदेशमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा सञ्चालन भइरहेको मानव अधिकार सहायता कक्षले पछिल्लो त्रैमासमा मात्र २१ जनालाई आर्थिक तथा कानुनी सहयोग गरेको तथ्यांक सार्वजनिक गरेको छ। कानुनसम्मको न्याय प्राप्ति राज्यले सुनिश्चित गर्नुपर्ने संवैधानिक अधिकार हो। तर यथार्थ के छ भने आर्थिक रूपमा कमजोर, सीमान्तकृत र सामाजिक रूपमा पछाडि पारिएका नागरिकहरूका लागि न्याय अझै पनि दूर-दराजको सपना जस्तै छ।

यस सन्दर्भमा मानव अधिकार सहायता कक्षले गरेको सहयोग प्रशंसनीय छ। यातायात, कागजात व्यवस्थापन, भोजन खर्चदेखि निःशुल्क कानुनी सेवा उपलब्ध गराएर पीडितहरूलाई न्याय प्रक्रियामा अघि बढाउन गरिएको २-१० हजार रुपैयाँको सहयोग रकम सानो देखिन सक्छ, तर न्यायको ढोकासम्म पुग्न नसक्नेहरूका लागि यही सहयोग एउटा महत्वपूर्ण 'पुल' बन्छ।

इन्सेकका संयोजक राजु पासमानले बताएअनुसार २१ जनामध्यै ८ जना दलित समुदायका थिए। यो तथ्य केवल एउटा संख्या होइन–न्यायमा पहुँच असमानता अझै वर्ग, जाति र पहिचानको आधारमै विभाजित रहेको स्पष्ट प्रमाण हो। घरेलु हिंसा, महिला हिंसा, सामाजिक बहिष्कारजस्ता मुद्दामा राज्य संयन्त्रले अपेक्षित रूपमा चासो नदिँदा गैरसरकारी संस्थाहरूले बोझ वहन गर्नुपरेको अवस्था चिन्ताजनक छ।

सहायता कक्षका संयोजक तथा अधिवक्ता राजकुमार महासेठले हिंसाका घटना दिन प्रतिदिन बढ्दै गएको तथ्य जोडले बताएका छन्। त्यसमा पनि दलित, महिला र सीमान्तकृत समुदाय बढी प्रभावित हुनु आमसामाजिक संरचनाको कमजोरी मात्र होइन, राज्य संयन्त्रको असफलता पनि हो। प्रहरी, प्रशासन र न्यायालयबीच समन्वय अभाव हुँदा पीडितहरू प्रक्रियामै थकित हुन्छन्।

न्याय प्रणालीमा समान पहुँच सुनिश्चित गर्ने जिम्मेवारी सरकारी निकायहरूको हो। इन्सेकजस्ता संस्थाहरूले निभाइरहेको भूमिका प्रशंसनीय भए पनि स्थायी समाधान राज्यको नीतिगत सुधार, द्रुत न्यायिक प्रक्रिया र स्थानीय तहमा प्रभावकारी सामाजिक सुरक्षा संयन्त्र निर्माणद्वारा मात्र सम्भव हुन्छ।

# मन्त्रिपरिषद् बैठकका निर्णयहरु



काठमाडौं ३ मंसिर। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले गरेका विभिन्न निर्णयहरू सार्वजनिक गरिएको छ।

सूचना, सञ्चार तथा प्रविधिमन्त्री जगदीश खरेलले बुधबार पत्रकार सम्मेलनमार्फत मन्त्रिपरिषद् बैठकका निर्णयहरू सार्वजनिक गरेका हुन्।

मन्त्रिपरिषद्ले नर्वे सरकारबाट प्राप्त हुने करिब ५ मिलियन अमेरिकी डलर र स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने करिब २.१ मिलियन अमेरिकी डलर थप अनुदान सहायता स्वीकार गरेको छ।

त्यस्तै, सरकारले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गर्न सम्मानिनीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

सरकारले जल तथा मौसम विज्ञान विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने निर्णय पनि गरेको छ।

नेपाली सेनाका दुईजना महासेनानीहरूलाई सहायक रथी दर्जामा बढुवा गर्ने, ल्याण्ड फोर्स टकको छैटौं बैठक २०८२ मङ्सिर ३ देखि ५ गतेसम्म काठमाडौंमा आयोजना गर्न स्वीकृति दिने निर्णय गरेको छ।

सरकारले वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरेको प्रवक्ता खरेलले बताए।

***यस्ता छन् सरकारका निर्णयहरू:***

- २०८२ मङ्सिर २९ देखि पुस ४ गतेसम्म कतारको राजधानी दोहामा आयोजना हुने युनाइटेड नेशन कन्भिन्सन एगिनिस्ट करप्शनको ११ औं सेशन अफ द कन्फ्रेन्स अफ द स्टेट पार्टिजमा सहभागी हुन सचिव श्री गोविन्दबहादुर कार्कीलाई स्वीकृति प्रदान गर्ने।
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गर्न सम्मानिनीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।
- प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका लागि नर्वे सरकारबाट प्राप्त हुने करिव ५ मिलियन अमेरिकी डलर र स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने करिव २.१ मिलियन अमेरिकी डलर थप अनुदान सहायता स्वीकार गर्ने।
- नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको पुनर्संरचना गर्न आवश्यक अध्ययन गरी सुझाव पेश गर्न प्रकाशजङ्ग थापा, काठमाडौंको संयोजकत्वमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्सरचना सम्बन्धी सुझाव समिति, २०८२ गठन गर्ने।
- विश्व बैंकबाट दिगो र समावेशी परियोजनाका लागि प्रश्ताव गरिएको ९५ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण प्राप्त गर्ने सम्वन्धमा नेपाल सरकारको तर्फवाट विश्व बैंकसँग वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने।
- २०८२ मङ्सिर ६ गते साउदी अरेबियाको रियादमा आयोजना हुने ११ औं मिनिस्टिरियल कन्फ्रेन्स अफ द लिस्ट डेभलपमेण्ट कन्ट्रीजमा सहभागी हुन सचिव (उद्योग) श्री कृष्ण बहादुर राउतलाई स्वीकृति प्रदान गर्ने।
- जल तथा मौसम विज्ञान विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने।
- २०८२ मङ्सिर ८ मा भारतको नयाँदिल्ली स्थित राष्ट्रपति भवनमा नवनियुक्त प्रधानन्यायाधीशको शपथ ग्रहण कार्यक्रम र २०८२ मङ्सिर १० मा भारतको नयाँदिल्लीस्थित सर्वोच्च अदालतमा संविधान दिवसको अवसरमा आयोजित कार्यक्रममा सहभागी हुन कानून, न्याय तथा संसदीय मामिला मन्त्री माननीय अनिल कुमार सिन्हालाई स्वीकृति प्रदान गर्ने।
- नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्मानिनीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।
- नेपालमा भिसा नियमित नगरी बसोवास गर्दै आएका ४ जना मलेसियन नागरिकहरूले प्रचलित कानूनअनुसार नेपालबाट प्रस्थान हुने मितिसम्म बुझाउनुपर्ने विलम्ब शुल्क र जरिवाना वापतको सबै दस्तुर मिनाहा गरी नेपालबाट प्रस्थान गराउने।
- जापानका लागि नेपालका पूर्वराजदूत डा. मदनकुमार भट्टराईलाई जापान सरकारले प्रदान गर्ने अर्डर अफ जापान तथा काठमाडौंस्थित जापानी दुतावासको पूर्वकर्मचारी श्रीमती रमा सुन्दरी जोशीलाई जापान सरकारले प्रदान गर्ने अर्डर अफ जापान विभूषण ग्रहण गर्न स्वीकृति प्रदान गर्ने।
- सशस्त्र प्रहरी (चौथो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।
- २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा घाइते भएका २ हजार ४ सय २९ जनालाई जनही १ ५ हजार रुपैयाँ तत्काल राहत रकम उपलब्ध गराउने।
- माथिल्लो मुस्ताङ क्षेत्रमा विदेशी नागरिकको लागि पदयात्रा अनुमति दस्तुर प्रतिव्यक्ति प्रतिदिन ५० अमेरिकी डलर वा सो बराबरको विदेशी मुद्रा कायम हुनेगरी अध्यागमन नियमावली, २०५१ को अनुसूची १२ मा हेरफेर गर्ने।
- सशस्त्र प्रहरी बल, नेपालको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।
- २०२५ डिसेम्बर २ देखि ४ सम्म दोहामा आयोजना हुने फर्गिन एम्बीटुस ग्लोवल पार्टनरसिप फर सस्टेनेबल एण्ड रेसिलेन्स ग्रेजुएशन अफ लिस्ट डेभलपमेण्ट कन्ट्रिज विषयक उच्चस्तरीय बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिव श्री अमृतबहादुर राईलाई स्वीकृति दिने।
- दार्चुला जिल्ला साविक धाप गा.वि.स. वडा नं. ४ को सार्वजनिक पर्ति जग्गामध्ये १५-१३-३-२ रोपनी जग्गा दार्चुला भन्सार कार्यालयलाई प्रयोग गर्न स्वीकृति दिने।
- ईन्धन प्रणालीमा वातावरणमैत्री वा ऊर्जा दक्षतामूलक फेरबदल गरिने सवारी साधनको हकमा तीन वर्षसम्मको लागि ईन्धन प्रणालीमा फेरबदल गर्न छुट दिने।
- २०८२ मङ्सिर १५ देखि १७ गतेसम्म दक्षिण कोरियाको सोलमा आयोजना हुने बिल्डिङ अ केयर मुभमेण्ट टेक्निकल असिस्टेन्स फ्याकल्टी अन ट्रान्सफर्मिङ केयर सिस्टम्स इन द कन्टेक्स्ट डेमोग्राफ सिफ्ट्स कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री लक्ष्मी कुमारी बस्नेतलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।
- नेपाली सेनाका दुईजना महासेनानीहरूलाई सहायक रथी दर्जामा बढुवा गर्ने।
- ल्याण्ड फोर्स टकको छैटौं बैठक २०८२ मङ्सिर ३ देखि ५ गतेसम्म काठमाडौंमा आयोजना गर्न स्वीकृति दिने।
- वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने।
- हाल भईरहेको छनोट प्रक्रियाबाट नेपाल वायुसेवा निगमको महाप्रवन्धक नियुक्ति नभएसम्मका लागि सञ्चालक समिति सदस्य श्री अमृतमान श्रेष्ठलाई महाप्रवन्धकको काम, कर्तव्यसमेत गर्ने गरी कार्यकारी सञ्चालकको रूपमा नियुक्त गर्ने।
- मर्चवारी गाउँपालिका, रुपन्देहीको नाम परिवर्तन गरी मर्चवारीमाई गाउँपालिका र केन्द्र वडा नं. ३ रायपुरबाट परिवर्तन गरी वडा नं. ४ खैरा कायम गर्ने।
- शहीद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रको कार्यकारी निर्देशक पदमा डा. कल्पनाकुमारी श्रेष्ठ, नवलपरासीलाई तोक्ने।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# २.१ करोड वर्षभन्दा अघि 'पहिलो चुम्बन'



चुम्बन मानिसहरूले गर्छन्, बाँदरहरूले गर्छन् अनि ध्रुवीय भालुहरूले पनि गर्छन्। जनावरहरूमा यस्तो क्रियाकलाप कहिले सुरु भयो भनेर अनुसन्धानकर्ताहरूले त्यसको विकासक्रम खोतलेका छन्। उनीहरूको अनुसन्धानले दुई करोड १० लाख वर्षभन्दा अगाडि नै जनावरहरूले मुख जोडेर चुम्बन गर्न थालेका थिए भन्ने देखाएको छ। आधुनिक मानवजाति र अन्य 'ग्रेट एप'का साझा पुर्खा पनि सम्भवतः त्यसै गर्थे।

उक्त अनुसन्धानले नीयान्डर्टाल आदिमानवहरू पनि सम्भवतः चुम्बन गर्थे भन्दै मानवजाति र नीयान्डर्टालहरूले एकआपसलाई चुमेको हुन सक्ने निष्कर्ष निकालेको छ।

जीवहरूको विकासक्रममा चुम्बन एउटा रहस्यजस्तै बनेकाले वैज्ञानिकहरूले यसबारे अध्ययन गरेका हुन्। चुम्बन गर्दा अस्तित्व रक्षा वा प्रजनन गर्न सहयोग पुग्दैन। तर मानवहरूले मात्र नभई लगभग सबैजसो जनावरहरूले चुम्बन गरेको देखिन्छ।

अन्य जनावरहरूमा पनि यस्तो क्रियाकलापको प्रमाण फेला परेपछि वैज्ञानिकहरूले चुम्बन गर्न कहिले सुरु भएछ भनेर खोज्न "विकासक्रमको वंशवृक्ष" बनाए।

*चुम्बनको परिभाषा*

भिन्नाभिन्नै प्रजातिका जीवहरूमा एउटै व्यवहारको तुलना होस् भनेर सुनिश्चित गर्ने उद्देश्यसहित वैज्ञानिकहरूले "चुम्बन" को स्पष्ट परिभाषा निर्धारण गरे। त्यो परिभााषा नीरस छ अर्थात् प्रेमपूर्ण छैन।

यो शोध भर्खरै 'ईभलूशन एन्ड ह्यूमन बिहेभ्यर' जर्नलमा प्रकाशित भएको छ। अनुसन्धानकर्ताहरूले आक्रामक नभई सोझै मुख र मुख जोड्ने क्रियाकलापलाई चुम्बन मानेका थिए। त्यसो गर्दा ओठ र मुखका भागहरू अलिअलि चल्ने तर खानेकुरा एउटा जीवको मुखबाट अर्कोको मुखमा स्थानान्तरण नहुने भनिएको छ।

"मान्छे, चिम्पान्जी र बोनोबो सबैले चुम्बन गर्छन्," मुख्य अनुसन्धानकर्ता डा मटिल्डा ब्रिन्डलले भनिन्। त्यसका आधारमा ती जीवका नजिकका साझा पूर्वजले पनि चुम्बन गर्थे भन्ने निष्कर्ष उनको छ।

डा ब्रिन्डल यूनिभर्सिटी अफ अक्सफर्डसँग आबद्ध विकासक्रममा विशेषज्ञता भएकी जीववैज्ञानिक हुन्। "चुम्बन 'लार्ज एप'हरूमा झन्डै २.१५ करोड वर्षअघि विकसित भयो भन्ने हामीलाई लाग्छ," उनले भनिन्।

'ग्रेट एप" वा 'लार्ज एप' समूहमा वानरसदृश पुच्छरविहीन गोरिला, ओराङ्उटान, चिम्पान्जी, बोनोबो र आधुनिक मानवजातिका पुर्खा पर्छन्।

*अनेकौँ प्रजातिका जीवले गर्छन् चुम्बन*

यो अनुसन्धानमा वैज्ञानिकहरूले गरेको परिभाषाअनुसार ब्वाँसा, घाँसे मैदानमा बस्ने कुकुर, ध्रुवीय भालु र आल्बट्रस भनिने समुद्री पक्षीले पनि चुम्बन गर्ने गरेको देखियो। ध्रुवीय भालुहरूले चुम्बन गर्दा जिब्रो प्रयोग गर्ने र धेरै लतरपतर हुने गरेको पाइयो।

मानवजातिमा चुम्बनको थालनी र विकासक्रम उजागर गर्न अनुसन्धानकर्ताहरूले 'प्राइमेट' विशेष गरी 'एप' अर्थात् पुच्छर नहुने तर बाँदरजस्ता देखिने जीवहरूमा आफ्नो ध्यान केन्द्रित गरे। हामी मानवजातिको सबैभन्दा नजिकको नातेदार नीयान्डर्टाल आदिमानवहरूले पनि चुम्बन गर्ने गरेको निष्कर्ष यो अनुसन्धानको छ। नीयान्डर्टालहरू झन्डै ४०,००० वर्षअघि नै लोप भइसके।

- मानव पुर्खा र लोप भएका नीयान्डर्टाल मानवबीच यौन



सम्बन्धः थाहा भएका र नभएका कुरा

- नीयान्डर्टाल आमा, डेनिसोभन बुवाकी छोरी

नियान्डर्टाल प्रजातिलाई हिंसाले सिद्ध्यायो कि यौनले?

यसअघि नीयान्डर्टालको डीएनएबारे गरिएको एउटा छुट्टै अनुसन्धानमा नीयान्डर्टालको मुखमा हिजोआज हाम्रो थुकमा पनि पाइने सूक्ष्मजीव पाइएको देखिएको थियो।

"त्यसको अर्थ ती दुई प्रजातिको हाँगा छुट्टिएको हजारौँ वर्षपछि पनि उनीहरूले थुक साटफेर गर्न जारी राखेको हुनुपर्छ," डा ब्रिन्डलले भनिन्।



*एउटा अनुत्तरित प्रश्न - चुम्बन किन*

यो अध्ययनले चुम्बनको विकासक्रमको समय निर्धारण गरे पनि जीवहरूले किन चुम्बन गर्न थाले भन्ने प्रश्नको उत्तर चाहिँ दिएको छैन।

मानिसहरूले चुम्बन गर्नुका कारणबारे विभिन्न मान्यताहरू प्रचलनमा छन्। तीमध्ये एउटाका अनुसार हाम्रा एप पूर्वजमा विद्यमान 'ग्रूमिङ' (मुख वा हत्केला प्रयोग गरेर सफाइ) गर्ने व्यवहारबाट चुम्बन गर्ने परम्परा विकसित भएको हो। केहीले चुम्बनलाई भाले र पोथीबीच समागम हुनुअघि एकअर्काको स्वास्थ्यस्थिति र अनुकूलता जाँच्ने अन्तरङ्ग उपाय पनि मानेका छन्।

डा ब्रिन्डल आफ्नो अनुसन्धानले यो अनुत्तरित प्रश्नको उत्तर खोज्न बाटो खोलिदिने आशा व्यक्त गर्छिन्। "हामी र हाम्रा गैरमानव नातेदारमा पनि यो समान व्यवहार छ भन्ने कुरा बुझ्नु महत्त्वपूर्ण हुन्छ," उनले भनिन्। "यसलाई बेकारको विषय नमानी हामीले यो व्यवहारको अध्ययन गरिरहनुपर्छ किनभने मानवजातिमा चुम्बनको प्रेमपूर्ण अर्थ छ।' सभार : बीबीसी/नेपाली

# पाठेघरको मुखको क्यान्सर : स्क्रिनिङ र खोप विस्तार जरुरी

काठमाडौँ । विश्व पाठेघर मुखको क्यान्सर निवारण दिवस । यस वर्ष पहिलो पटक 'आजैदेखि लागौँः पाठेघरको मुखको क्यान्सर निवारण गरौँ' भन्ने नाराका साथ यो दिवस मनाउन लागिएको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वमा महिलामा पाठेघरको मुखको क्यान्सर चौथो मुख्य क्यान्सरका रूपमा रहेको छ । हरेक वर्ष विश्वमा ६ लाख ६० हजार महिलालाई पाठेघरको क्यान्सर हुने र करिब तीन लाख ५० हजार महिलाको मृत्यु हुने विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

नेपालमा क्यान्सरबाट महिलाको मृत्यु हुने पहिलो कारणमा पाठेघरको मुखको क्यान्सर रहेको छ । रोकथाम गर्न सकिने हुँदाहुँदै पनि नेपालमा प्रतिदिन ६ जना महिलामा पाठेघरको मुखको क्यान्सर देखापर्ने गरेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यही क्यान्सरका कारण प्रतिदिन चार जना महिलाले ज्यानसमेत गुमाइरहेका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा.विकास देवकोटाले पाठेघरको मुखको क्यान्सर, रोकथाम र निवारणका लागि यस नाराले सबै सरोकार भएका निकायलाई गम्भीर बनाउने विश्वास



व्यक्त गरे । उनले सबैले आ-आफ्नो स्थानबाट क्यान्सर, रोकथाम र निवारणका लागि अहिलेदेखि नै कदम चाल्नुपर्ने आवश्यकता औँल्याए ।

दिवसको अवसरमा आज भिडियो सन्देश जारी गर्दै उनले समयमै स्क्रिनिङ, एचपिभी (ह्यमून प्यापिलोमा भाइरस) खोप विस्तार, जनचेतना वृद्धि र स्वास्थ्य प्रणाली सुदृढीकरण गर्नुपर्ने बताए । यस रोगको निवाराणका लागि स्क्रिनिङ, खोप विस्तार अनिवार्य रहेको डा.देवकोटाको धारणा छ ।

उनले भने, 'पाठेघरको मुखको क्यान्सर निवारण लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट गत वर्षदेखि राष्ट्रिय खोप कार्यक्रममा एचपिभी खोपलाई समावेश गरी ९४ प्रतिशत किशोरीलाई पहिलो पटक निःशुल्क सेवा प्रदान गरिएको छ । यस वर्षको फागुनमा विद्यालय जाने ६ कक्षाका छात्रा र विद्यालयबाहिर रहेका १० वर्षका किशोरीलाई उक्त खोप दिने कार्यक्रम छ ।'

यो क्यान्सर निवारणका लागि सन् २०३० सम्ममा सरकारले ९० प्रतिशत किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाउने, ३० वर्ष माथिका ९० प्रतिशत महिलाको स्क्रिनिङ गर्ने र पाठेघरको मुखको क्यान्सरको निदान भएका ९० प्रतिशत महिलाको उपचार गर्ने रणनीतिक लक्ष्य लिएको छ ।

चिकित्सकका अनुसार ३० वर्ष उमेरभन्दा माथिका सबै महिलाले नियमित रूपमा पाठेघरको मुखको प्रारम्भिक जाँच गराउनुपर्दछ । एचआइभी सङ्क्रमित महिलाले २५ वर्षको उमेरदेखि नियमित रूपमा प्रारम्भिक जाँच गराउनुपर्दछ ।

नेपाल जनसाङ्ख्यिक सर्वेक्षणका अनुसार करिब ११ प्रतिशत महिलाले मात्र पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गराएका छन् । यसका प्रमुख चुनौतीहरूमा महिलामा सचेतना अभाव, स्वास्थ्य सेवामा सीमित पहुँच, दक्ष जनशक्ति अभाव, नियमित कार्यक्रमको कमी, कमजोर तथ्याङ्क व्यवस्थापन, सामाजिक लाजभाव र आर्थिक रहेका छन् । जसले गर्दा धेरै महिलामा रोग ढिलो चरणमा मात्र पत्ता लाग्ने र मृत्यु दर उच्च रहने गरेको डा.देवकोटाले बताए ।



# संवैधानिक परिषद् सम्बन्धी अध्यादेश जारी गर्न सरकारको सिफारिस

दैनिक समाचारदाता
काठमाडौं, ३ मंसिर । सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश(२०८२ जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको छ।

मंगलबार बसेको मन्त्रिपरिषद्का बैठकले 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०८२' जारी गर्ने निर्णय गर्दै उक्त सिफारिस राष्ट्रपति समक्ष पठाउने निर्णय गरेको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका स्रोतका अनुसार अहिलेको विषम राजनीतिक परिस्थितिमा केही संवैधानिक पदाधिकारी नियुक्त गर्नुपर्ने भएकाले, संवैधानिक सुनुवाइ



प्रक्रियामा देखिएका अवरोध हटाउन अध्यादेश ल्याउन लागिएको हो।

स्रोतका अनुसार, अध्यादेशमा निर्वाचनपछि गठन हुने संसदीय सुनुवाइ समितिमा पुनः अनुमोदनको बाध्यताका साथ संवैधानिक पदाधिकारीहरूको नियुक्ति सिफारिस गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ। समितिले अस्वीकृति जनाएमा ती पदाधिकारी स्वतः पदमुक्त हुने प्रावधानसमेत मस्यौदामा समावेश गरिएको बताइएको छ।

अध्यादेशमा गणपूरक संख्यासम्बन्धी व्यवस्था पनि परिवर्तन गरिएको छ, जसअनुसार बैठकमा उपस्थित सदस्यहरूद्वारा दिएको बहुमत राय नै निर्णायक मानिने उल्लेख छ।

हाल ६ सदस्यीय संवैधानिक परिषद्मा प्रमुख प्रतिपक्षी दलको पद रिक्त छ।

यसअघि संसद्को दुबै सदनबाट पारित भएको संवैधानिक परिषद्सम्बन्धी संशोधन विधेयक राष्टूपति समक्ष गत ३१ असारमा प्रमाणीकरणका लागि पुगेको थियो। तर राष्टूपति पौडेलले उक्त विधेयक संविधानको मर्म, लोकतान्त्रिक मूल्य र विश्वव्यापी अभ्यास विपरीत रहेको ठहर गर्दै संविधानको धारा ११३(३) बमोजिम पुनर्विचारका लागि फिर्ता पठाएका थिए।

संवैधानिक परिषद्सम्बन्धी विधेयक १२ फागुन २०७९ मा प्रतिनिधिसभामा दर्ता भएको थियो र क्रमशः १८ चैत २०८१, ३० जेठ २०८२ र २५ असार २०८२ मा दुवै सदनबाट पारित हुँदै अघि बढेको थियो।

# सरकार तोकिएको समयमा नै चुनाव गराउने तयारीमा : मन्त्री खरेल



दैनिक समाचारदाता
काठमाडौं ३ मंसिर । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकार तोकिएकै मितिमा निर्वाचन गर्ने तयारीमा रहेको बताएका छन्।

राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिमा बुधबार भएको छलफलमा उनीले निर्वाचनका लागि आवश्यक वातावरण निर्माणमा सरकार सक्रिय रूपमा लागेको जानकारी दिए। उनका अनुसार तोकिएको समयमा चुनाव हुन नसके देश नयाँ जोखिमतर्फ धकेलिन सक्ने भएकाले सरकार जिम्मेवारीपूर्वक अघि बढिरहेको छ।मन्त्री खरेलले निर्वाचन तयारीका सिलसिलामा सरकारले १ सय २३ वटै दर्ता भएका राजनीतिक दलहरूसँग निरन्तर संवाद गरिरहेको बताए। उनले निर्वाचनको वातावरण निर्माणमा राष्ट्रिय सभाका सदस्यहरू र संसदीय समितिहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण हुने उल्लेख गर्दै सबै राजनीतिक शक्तिहरूलाई सहयोग र सहकार्यका लागि आग्रह गरे।

उनले भने, "हामी तोकिएकै मितिमा चुनाव गर्ने तयारीमा छौँ र त्यसका लागि वातावरण निर्माण गरिरहेका छौँ। आज पनि १२३ राजनीतिक दलसँग बैठक तय छ। सुशासन र भ्रष्टाचार नियन्त्रणका कार्यहरूलाई अघि बढाउँदै देशलाई निर्वाचनतर्फ लैजानुपर्छ। यसमा संसद्, राष्ट्रीय सभा र समितिका माननीय सदस्यहरूको भूमिका महत्वपूर्ण छ।" मन्त्री खरेलका अनुसार सरकार सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका एजेन्डालाई अघि बढाउँदै लोकतान्त्रिक प्रक्रियालाई सहज बनाउन प्रयासरत छ।

## सिमरामा......

गरिए पनि भीड बाक्लिँदै गएपछि कर्फ्यू अपरिहार्य भएको जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ ।

यसैबीच, एमालेको युवा संगठन, युवा संघ नेपालले परवानीपुरमा आयोजना गर्न लागेको मधेस प्रदेशस्तरीय युवा जनजागरण अभियानमा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र महेश बस्नेतको सहभागिता तय थियो । उनीहरूको आगमन रोक्ने उद्देश्यले जेनजी युवाहरूले विभिन्न स्थानमा विरोध प्रदर्शन गरिरहेका थिए ।

तनावपूर्ण अवस्थाले हवाई सेवामा पनि प्रत्यक्ष असर पारेको छ । सिमरा विमानस्थल क्षेत्र अवरुद्ध भएपछि आजका लागि निर्धारित सबै उडान रद्द गरिएको छ। बुद्ध एयरको दोस्रो उडान, जसमा एमाले नेताहरू रहेको भनिएको थियो, धावनमार्ग नपुग्दै फर्काइएको काठमाडौं विमानस्थलका प्रवक्ता रिन्जी शेर्पाले जानकारी दिए ।

सुरक्षा संयन्त्रलाई थप मजबुत बनाइएको प्रशासनले जनाउँदै संवेदनशील अवस्था शान्त गराउन सबै पक्षलाई धैर्य र शान्तिपूर्ण व्यवहार अपनाउन आग्रह गरिएको छ ।

## सिमरा.....

टिप्पणी गरेका छन्। उनले सिमरा विमानस्थलमा 'ढुंगामुढाको प्रदर्शन' हुन दिएको, युवाभेलामा जाँदै गरेका नेताहरूलाई रोकिएको र सुरक्षा निकायले अवस्था नियन्त्रण गर्न नसकेको भन्दै सरकारको क्षमता नै शंकास्पद भएको बताए। ओलीले भने( "सभा गर्न नदिने सरकारले चुनाव गर्छ भनेर कसरी मान्ने?"

सिमरा घटनाले मधेसमा बढ्दो राजनीतिक ुवीकरण मात्र होइन, आगामी चुनावको सुरक्षामाथि समेत गम्भीर प्रश्न उठाएको राजनीतिक विश्लेषकहरूको टिप्पणी छ। अब सरकार कसरी विश्वसनीय सुरक्षा वातावरण बनाउँछ भन्ने विषयमा सबैको ध्यान केन्द्रित भएको छ।

# थाइल्यान्ड पुगेका ३७ नेपालीलाई स्वदेश फर्काइयो

दैनिक समाचारदाता
काठमाडौं, ३ मंसिर । म्यानमारबाट भागेर थाइल्यान्ड पुगेका ३७ नेपालीलाई स्वदेश फर्काइएको छ ।

म्यानमारका सुरक्षाकर्मीले छापा मारेपछि भागेर थाइल्यान्ड प्रवेश गरेका उनीहरूलाई नेपाली दूतावास थाइल्यान्डले विभिन्न निकायसँग समन्वयमा स्वदेश फर्काइएको हो ।

त्यसैगरी म्यानमारको म्यावडीमा रहेका थप २३, थाइल्यान्डको मेसोटमा रहेका २ र कम्बोडियामा रहेका ४ जना गरी २९ जनालाई चाँडै स्वदेश



फर्काइने दूतावासले जनाएको छ ।

उनीहरू आकर्षक रोजगारी प्रलोभनमा परी विभिन्न माध्यमबाट म्यानमार पुगी अवैधरूपमा सञ्चालन भएका अनलाइन स्क्यामिङ केन्द्रमा काम गर्दै आएका थिए ।

उनीहरू अनलाइन डेटिङ, अनलाइन क्यासिनो, गेमिङ तथा फिसिङ, क्रिप्टो ठगी लगायत काममा संलग्न रहेको पाइएको थियो । ती क्षेत्रमा म्यानमार प्रहरीले छापा मारेपछि उनीहरू भागेर थाइल्यान्ड पुगेका थिए ।

नेपाल फर्काउन बाँकी २९ जनालाई म्यानमार, कम्बोडिया तथा थाइल्यान्डका सम्बन्धित निकायसँग समन्वय भइरहेको दूतावासले जनाएको छ ।

नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम श्रम स्वीकृति लिएरमात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभले कम्बोडिया, लाओस, म्यान्मार, थाइल्यान्ड लगायत देशमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउन दूतावासले अनुरोध गरेको छ ।

# १०औं पटक बिहारको मुख्यमन्त्री बन्दै नितिशकुमार,आज शपथ

दैनिक समाचारदाता
काठमाडौं, ३ मंसिर । नेपालको सीमावर्ती क्षेत्र भारतको बिहार राज्यमा पुनः नितिशकुमार नै मुख्यमन्त्री नियुक्त हुने भएका छन् ।

बुधबार दिउँसो बसेको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन ( एनडीए) को बैठकले ७५ वर्षीय नितिशकुमारलाई सर्वसम्मत संसदीय दलको नेता चुन्दै मुख्यमन्त्री बनाउने निर्णय गरेको हो ।

एनडीएको बैठकपछि नितिशकुमार अहिले राजभवनस्थित राज्यपाल (प्रदेश प्रमुख) समक्ष सरकार गठनका लागि दाबी पेश गर्न गएका भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

नितिशकुमार १०औं पटक बिहारको मुख्यमन्त्री बन्न लागेका हुन् । शपथ ग्रहण समारोह बिहीबार बिहान ११:३० बजे पटनाको ऐतिहासिक गान्धी मैदानमा हुनेछ ।

शपथ ग्रहण समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाहसहित विभिन्न राज्यका मुख्यमन्त्री, केन्द्रीय मन्त्रीहरू समेत सहभागी हुनेछन् ।

यसअघि आजै एनडीए गठबन्धन घटक जनता दल युनाइटेड (जेडीयू) को बैठकले नितिशकुमारलाई संसदीय दलको चयन गरेको थियो ।

तर, गठबन्धनकै अर्को दल



भारतीय जनता पार्टी (भाजपा) ले भने सम्राट चौधरीलाई संसदीय दलको नेता र विजय सिन्हालाई उपनेता चयन गरेको थियो ।

पछि गठबन्धनको बैठकमा भने मुख्यमन्त्रीमा नितिशकुमारकै नाममा सहमति भएको छ ।

हालै भएको बिहारको विधानसभा निर्वाचनमा एनडीए गठबन्धनले कूल २४३ सिटमध्ये २०२ सिट जितेको छ । १४ नोभेम्बरमा घोषणा गरिएको मतपरिणाम एनडीए गठबन्धनको भाजपा ८९ सिट जित्दै राज्यको सबभन्दा ठूलो दल बनेको छ ।

एनडीए गठबन्धनमै रहेको नितिशकुमारको जेडीयूले ८५ सिट जित्यो । सोही गठबन्धको चिराग पासवानको लोक जनशक्ति ( राम विलास)ले १९ सिट जित्दै चौंथो दल बनेको छ । जितन राम माझीको हिन्दुस्तानी अवम मोर्चाले पाँच सिट जित्दा उपेन्द्र कुशवाहाको आरएलएमले चार सिट जितेको छ ।

कंग्रेस आई र राष्ट्रिय जनता दल (आरजेडी) लगायत सम्मिलित महागठबन्धनले भने ३५ सिटमा मात्रै जित हासिल गऱ्यो ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४